लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०२।२५

चरण : द्वितीय
पत्र : प्रथम
समय : २ घण्टा ३० मिनेट | पूर्णाङ्क : १००

विषय : Banking, Accounting, Mathematics and Computer

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" (४० अङ्क)

१. 'नेपाल राष्ट्र बैंक बैंकहरूको पनि बैंक हो' भन्ने भनाइलाई पुष्टि गर्दै नेपाल राष्ट्र बैंकको काम, कर्तव्य र अधिकार लेख्नुहोस् । ४+६=१०
(Elucidate the statement "Nepal Rastra Bank is the bank of banks" and write about functions, duties and rights of Nepal Rastra Bank.)

२. बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने प्रमुख बैंकिङ्ग सेवाहरू उल्लेख गर्दै हाल प्रदान भइरहेका वित्तीय सेवालाई थप प्रभावकारी बनाउनका लागि नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाले गर्नुपर्ने सुधार प्रस्तुत गर्नुहोस् । ४+६=१०
(Writing the major banking services providing by banks and financial institutions, present the improvement to be done by Nepal Rastra Bank and BFIs to make more effective financial services.)

३. नेपालमा वित्तीय साक्षरता र वित्तीय समावेशीकरणको आवश्यकता चर्चा गर्नुहोस् । साथै, गरिबी र आर्थिक असमानता न्यूनीकरण गर्नका लागि वित्तीय समावेशीकरणको भूमिका प्रकाश पार्नुहोस् । ५+५=१०
(Discuss the importance of financial literacy and financial inclusion. Further, highlight the role of financial inclusion in poverty alleviation and reduction of economic inequality.)

४. पूँजी बजारको चर्चा गर्दै नेपालको पूँजी बजारमा देखिएका समस्याहरू छलफल गर्नुहोस् । साथै, यसको सुधारका लागि व्यावहारिक सुझाव दिनुहोस् । २+४+४=१०
(Discussing about the capital market, write the problems seen in the capital market in Nepal. Also, give practical suggestions for its solution.)

MIRAS ACADEMY

## खण्ड "ख" (३० अङ्क)

५. संगठनमा लेखांकनको महत्त्वमाथि प्रकाश पार्दै बहीखाता पालन र लेखांकनबीचको प्रमुख भिन्नताको सूची तयार गर्नुहोस् । ४+६=१०
(Highlighting the importance of accounting in an organization, make a list of key differences between Book Keeping and Accounting.)

६. आन्तरिक नियन्त्रण प्रणालीका आधारभूत तत्वहरूको संक्षिप्त चर्चा गर्दै संगठनात्मक सन्दर्भमा यसको महत्त्व स्पष्ट पार्नुहोस् । ६+४=१०
(Briefly describe the basic components of internal control system and illustrate its importance in the organizational context.)

७. मौज्दात व्यवस्थापनको आवश्यकता र महत्त्व दर्शाउँदै मौज्दात व्यवस्थापनको Just-in-Time Management (JIT) विधिको छोटो परिचय दिनुहोस् । ५+५=१०
(Describing the needs and importance of inventory management, give a brief introduction to Just-in-Time Management (JIT) method of inventory management.)

## खण्ड "ग" २० अङ्क

८. दुईवटा धाराहरू A र B ले कुनै खाली ट्यांकी क्रमशः ३० घण्टा र १५ घण्टामा भर्दछन् । उक्त ट्यांकी भर्नको लागि दुवै धाराहरू खोलियो तर केही समयपछि धारा A लाई बन्द गरियो र धारा B लाई सो ट्यांकी भर्न १२ घण्टा लाग्यो । कति समयपछि धारा A लाई बन्द गरिएको थियो? पत्ता लगाउनुहोस् । ५
(Two taps, A and B, can fill an empty tank in 30 hours and 15 hours respectively. They both were turned on to fill the tank, but tap A was turned off after some time and tap B took 12 hours to fill the tank. After how much time was tap A turned off? Find out.)

९. एउटा सामानको अंकित मूल्य रू. ७५,००० छ । उक्त सामान बेच्दा १५% छुट दिइ त्यति नै प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउँदा ग्राहकले तिर्नुपर्ने मूल्य पत्ता लगाउनुहोस् । ५
(The marked price of an article is Rs. 75,000. Allowing 15% discount and including same percentage of VAT, the article is sold. Find the cost that has to be paid by the customer.)

१०. हरिले ५% ब्याजदरमा केही रकम २ वर्षका लागि साधारण ब्याजमा लियो र उक्त रकम उही ब्याजदर र समयका लागि वार्षिक चक्रीय ब्याजमा लगानी गर्‍यो । यसबाट उसले रू. २० नाफा गर्‍यो भने उक्त रकम पत्ता लगाउनुहोस् । ५
(Hari borrowed a sum of money at the rate of 5% simple interest for 2 years and invested it in annual compound interest at the same rate and for the same duration of time. In this transaction if he gained Rs. 20, find that amount.)

११. दिइएको तथ्यांकबाट स्तरीय भिन्नता पत्ता लगाउनुहोस् । ५
(Find the standard deviation from the following figure.)

| वर्गान्तर (Class Interval) | 6-8 | 8-10 | 10-12 | 12-14 |
|---|---|---|---|---|
| बारम्बारता (Frequency) | 85 | 65 | 50 | 100 |

MIRAS ACADEMY

## खण्ड "घ" १० अङ्क

१२. डाटावेश व्यवस्थापन प्रणाली (DBMS) भनेको के हो? परम्परागत फाइलिङ्ग प्रणालीको तुलनामा DBMS प्रयोग गर्दा हुने फाइदाहरू उल्लेख गर्नुहोस् । २+३=५
(What is Database Management System (DBMS)? Write the advantages of using DBMS as compared to a traditional filing system.)

१३. इन्ट्रानेट, इन्टरनेट र एक्स्ट्रानेट बीचको फरक छुट्याउनुहोस् । ५
(Differentiate between Intranet, Internet and Extranet.)

:: समाप्त ::